# बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**आ.व. २०८१।०८२ देखी २ ठेक्का वर्षसम्म करपुरेश्वर पार्कको सञ्चालन र व्यवस्थापन सम्बन्धी प्रस्ताव/दरभाउपत्र आह्वानको सूचना !**

(तेस्रो पटक प्रकाशित मितिः २०८१।०९।१२)

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१।०७।११ को निर्णयानुसार यस नगरपालिका वडा नं ८ स्थित करपुरेश्वर पार्क सञ्चालन र व्यवस्थापन कार्यका लागि चालु आ.व. २०८१।०८२ को ठेक्का सम्झौता मिति देखी २ वर्षको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएको हुदा इच्छुक व्यक्ति, संस्था, फर्महरुवाट निवेदन साथ फर्म दर्ता/नविकरण, स्थायी लेखा नम्बर/मू.अ.क. प्रमाणपत्र, आ.व. २०८०।०८१ को करचुक्ता प्रमाणपत्र वा म्यादथप पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउ-पत्र आह्वान गरिएको छ ।

<u>निम्न</u>

| ठेक्का नं | विवरण | न्यूनतम अंक(मू.अ.क. बाहेक) २ वर्षको | बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | धरौटी रकम |
|---|---|---|---|---|
| Besishaharmun/ Revenue/SQ/ 081/082/14 | करपुरेश्वर पार्क सञ्चालन र व्यवस्थापन कार्य | ४,००,०००।- | १,०००।- | मू.अ.क. सहितको कवोल अंकको ५% ले हुने रकम |

**दरभाउ-पत्र सम्बन्धी शर्तहरुः-**

१. दरभाउ-पत्र फाराम मिति २०८१।०९।१८ गते कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ।
२. दरभाउ-पत्र फाराम दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक बेसीशहर शाखा स्थित आन्तरिक राजश्व **खाता नं ३०४०१००३०१०१०००२** मा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ । सो वापतको रकम कार्यालयमै बुझाउन समेत सकिनेछ ।
३. दरभाउ-पत्र साथ संलग्न राख्नुपर्ने कागजातहरुः
   **क.** नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
   **ख.** फर्मको दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी
   **ग.** व्यवसाय गर्न इजाजत प्राप्त प्रमाण-पत्रको प्रतिलिपी
   **घ.** स्थायी लेखा नम्बर/मू.अ.क. प्रमाण-पत्रको प्रतिलिपी
   **ङ.** आ.व. २०८०।०८१ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी
   **च.** अख्तियारनामा
   **छ.** धरौटी रकमको बैंक भौचर वा बैंक जमानत-पत्र
   **ज.** स्वघोषणा पत्र
४. दरभाउ-पत्र फाराम मिति २०८१।०९।१९ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
५. इच्छुक दरभाउ-पत्रदाताले जमानत वापत कवोल अंकको (मू.अ.क. सहितको) ५% बराबरको रकम बेसीशहर नगरपालिकाको नाममा रहेको धरौटी **खाता नं ३०४०१००३०३००००२** मा जम्मा गरेको बैंक

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

भौचर सक्कल वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउ-पत्र खोल्ने मितिबाट ७५ दिन मान्य अवधि रहेको बैंक जमानत पेश गर्नुपर्ने छ ।

६. पेश हुन आएका दरभाउपत्रदाताका दरभाउ-पत्रहरु मिति २०८१।०९।१९ गते दिनको २:०० बजे दरभाउपत्रदाताका प्रतिनिधिका रोहवरमा दरभाउ-पत्र खोलिने छ। दरभाउपत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न वाधा पर्ने छैन ।

७. रितपुर्वक पेश नभएका र सर्त राखी पेश भएका दरभाउ-पत्रहरु मूल्याङ्कनमा समावेश गरिने छैन ।

८. दरभाउ-पत्र फाराममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ ।

९. पेश भएका दरभाउ-पत्रहरु, स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

१०. सबै भन्दा बढी रकम कबोल गर्ने तथा सारभुत रुपमा प्रभावग्राही देखिएको दरभाउ-पत्रदातालाई संझौताका लागि पत्राचार गरिनेछ ।

११. ठेक्का अवधि कायम गर्दा सम्झौता भएको मिति देखि २ वर्षको अवधि कायम हुनेछ । कार्य सन्तोषजनक नभएमा निर्णय गरी हटाउन सकिने। सन्तोषजनक भएमा थप १ वर्ष थप्न सकिने ।

१२. ठेक्का सम्झौता हुँदाका बखत कवोल अंकको मू.अ.क. रकम १३% समेत ठेक्का रकम मानी कुल जम्मा ठेक्का रकम कायम गरिनेछ ।

१३. २ वर्षको ठेक्का कवोल गरिएको रकमलाई ८ किस्तामा विभाजन गरी सम्झौताका बखत पहिलो किस्ता वापत ३ महिनाको हुने रकम र सो को १३% मू.अ.क. साथै अग्रिम आय कर वापतको रकम र हरेक ३।३ महिनाको हिसाबले हरेक ३ महिना भित्र सोहि बमोजिम किस्ता तथा मू.अ.क. र अग्रिम रकम किस्ताको रुपमा बुझाउन पर्नेछ।

१४. सम्झौताका बखत दरभाउ-पत्रमा कबोल गरेको सम्पूर्ण रकमको कार्य सम्पादन जमानत बापत इजाजत प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको २७ महिना मान्य अवधि रहेको बैंक जमानत पेश गर्नुपर्नेछ ।

१५. यस सूचनामा भएका कुराहरु यसै अनुसार र अन्यको हकमा प्रचालित नेपालको कानून वमोजिम हुनेछ ।

१६. यस बाहेक थप जानकारी लिनुपर्ने भएमा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**प्रावधानहरु**

**क.** पार्क संरक्षण प्रवेश शुल्क लगाउने, प्रवेश शुल्क प्रति व्यक्ति रु. १० तोक्ने । विद्यार्थीहरुको हकमा प्रति व्यक्ति रु. ५ मात्र लिने । तर ७० बर्ष भन्दा माथि र १० वर्ष भन्दा मुनिका उमेर समूहलाई प्रवेश शुल्क नलिने तथा विहान ५ बजेदेखि विहान ८ बजेसम्म सवैलाई निशुल्क प्रवेश गर्न दिने ।

**ख.** वनभोज समुहलाई पकाएर खानेको हकमा प्रति समूह रु. १ हजार ५ सय र पकाउन नपर्नेको हकमा प्रति समुह रु. ५ सयका दरले सेवा शुल्क लिने । वनभोजको लागि बढीमा प्रति दिन २ वटा समुहलाई मात्र प्रवेशाज्ञा दिने । वनभोज समुहलाई सेवा शुल्क बाहेक प्रवेश शुल्क अन्य सरह लिने । पार्क क्षेत्रमा पकाउने कार्यको इन्धनमा दाउरा प्रयोग गर्न नपाउने ।

**ग.** पार्कलाई धुम्रपान र मद्यपान निषेधित क्षेत्र बनाउने ।

**घ.** पार्क कार्तिक १६ देखि माघ १५ गतेसम्म विहान ६ बजेदेखि बेलुका ८ बजेसम्म र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म विहान ५ बजेदेखि बेलुका ९ बजेसम्म खुल्ला गर्ने ।

**ङ.** पार्क भित्र प्रवेश गर्नेहरुलाई टिकट शुल्क र वनभोज शुल्क तोकिएको दररेट वमोजिम उठाउने। चिया खाजा र नास्ताको व्यवस्थापन सेवा प्रदायकले गुणस्तरीय र चलनचल्तीको सुलभ मूल्यमा उपलब्ध गराउने।

**च.** सेवा प्रदायकको कार्यावधि २ वर्ष कायम गर्ने । कार्य सन्तोषजनक नभएमा निर्णय गरी हटाउन सकिने । सन्तोषजनक भएमा थप १ वर्ष थप्न सकिने ।

**छ.** अन्य कुराहरुको हकमा तोकिए वमोजिम हुने ।

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत